# अध्याय चार : शहरीकरण तथा बस्ती विकासको स्वरूप

## ४.१ शहरीकरण

वस्तीहरुको क्रमिक विकास हुँदै जानु नै शहरीकरण तिर विकास हुदै जानु हो । यो प्रकृया निरन्तर रुपमा चल्दै गैरहेको हुन्छ । तर अनियन्त्रित तथा अव्यवस्थित रुपमा वस्ती विकास भएका ठाउहरुमा आधारभूत सेवाहरु पुऱ्याउन कठीन हुन जान्छ । योजना विना अनियन्त्रित विकास भएका शहरहरुमा धेरै प्रकारको सेवा (पानी, विजुली, संचार, ढल आदि) र त्यहाका वासिन्दाहरुलागि सामाजिक, आर्थिक, औद्योगिक आदिको पहुँच पुऱ्याउन अप्ठ्यारो हुन्छ ।

यस जिल्लामा सदरमुकाम लगायत केही वस्तीहरु, नगरोन्मुख गाविसहरु, तथा बजार केन्द्रहरु शहरोन्मुख भएका छन् । यहाको शहर तथा शहरोन्मुख वस्तीहरु मुख्यतया मूल सडकको दांया बायां लामो हिसावले वढदै गएको देखिन्छ जस्तै विदुर, त्रिशुली, देउराली, आदि ।

## ४.२ बस्ती विकासको स्वरूप र बस्ती श्रृंखला

काठमाण्डौं महानगरपालिका संग जोडिएको हुँदा पृथ्वीराजमार्ग वन्नु अगाडि पश्चिमका जिल्लाहरु गोरखा, तनहुँ, लमजुङ जाने पैदल वाटो यी जिल्ला हुँदै जानु पर्ने हुँदा वाटामा वस्तीहरुको विकास भएको देखिन्छ । तर पृथ्वी राजमार्ग निर्माण पछि केही वस्तीहर सुके भने केही वस्तीहर थपिए । सडक क्षेत्रमा नै बजार केन्द्र विकसित हुँदै जाने र वस्तीहर बढ्दै जाने प्र वृत्ति हुने हुँदा नुवाकोट जिल्लामा पनि, काठमाण्डौं - त्रिशुली राजमार्गको विभिन्न ठाउँमा वस्ती विकास हुन गएको छ । यसरी विकास भएका १०० देखि माथि घरधुरी भएका १२ वस्तीहरुको विवरण तालिका ४.१ मा देखिएको छ ।

**तालिका ४.१ : १०० देखि माथि घरधुरी भएका वस्तीको विवरण**

| क्र.सं. | गा.वि.स.को नाम | वस्तीको नाम | वस्ती संख्या | कूल घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | विदुर न.पा. | त्रिशुली, बट्टार, विदुर | ३ | |
| २ | थानसिङ | छहरे बजार | २ | |
| ३ | चतुराले | माझगाऊ | १३ | १५९ |
| ४ | दुईपिपल | माझीगाऊ | १२ | १७५ |
| ५ | जिलिङ | पाँचखले | १५ | १७८ |
| ६ | ककनी | रानीपौवा | २९ | ३०० |
| ७ | कल्याणपुर | अजिङ्गरे | १७ | १७८ |
| ८ | सामरी | सामरी | १६ | १८५ |
| ९ | खड्गभन्ज्याङ | खड्गभन्ज्याङ | १६ | १७० |
| १० | थानापति | खनियाचौर | १८ | १२४ |
| ११ | बेलकोट | तिगाऊ | २३ | २२० |
| १२ | मदानपुर | पाखुरे | २९ | २६० |
| **जम्मा** | | | **१९३** | **१९४९** |

*श्रोत : जिल्ला विकास समिति, नुवाकोट ।*

यस जिल्लामा पिपलटार र तुप्चे अक्करे बजारलाई आवास तथ बस्ती विकास योजना अनुसार काम गर्नकालागि पहल भईरहेका छन् ।

नुवाकोट जिल्लामा जिल्ला सडक सञ्जालको आधारमा विस्तार हुन सक्ने वस्तीहरुको विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : जिल्ला सडक सञ्जालको आधारमा विस्तार हुन सक्ने वस्तीहरूको विवरण**

| क.सं | भैरहेका बजार केन्द्र (Growth Center) को नाम | गा.वि.स./न.पा. |
|---|---|---|
| १ | बट्टार/ढुङ्गे/त्रिशुली/नुवाकोट | वि.न.पा |
| २ | ढिकुरे बजार | खानीगाउ |
| ३ | चोगदे बजार | बागेश्वरी |
| ४ | छहरे बजार | थानसिं |
| ५ | रानीपौवा बजार | ककनी |
| ६ | सोले बजार | तुप्चे |
| ७ | देउराली बजार | देउराली |
| ८ | सामरी बजार | सामरी |
| ९ | आंप्रह बजार | कविलास |
| १० | डेउडी बजार | कल्याणपुर |
| ११ | समुन्द्रटार/रामती बजार | समुन्द्रटार |
| १२ | जुरेथुम पात्ले बजार | ककनी |
| १३ | बुढीशेरा बजार | भद्रुटार |
| १४ | सातदोबाटो बजार | फिकुरी |
| १५ | बगुवा हात्तीगौडा बजार | वि.न.पा. |
| १६ | चिसापानी बजार | तलाखु |
| १७ | रागसिं बजार | वि.न.पा |
| १८ | मेघाङ्ग भञ्ज्याङ्ग बजार | देउराली |
| १९ | चतुराले बजार | चतुराले |
| २० | दुइपीपल डबली बजार | दुईपिपल |
| २१ | चाउथे रिठ्ठेटार बजार | चाउथे |
| २२ | ढांडे बजार | मदानपुर |
| २३ | भैरमकोट बजार | तुप्चे |
| २४ | घलेभञ्ज्याङ्ग बजार | पञ्चकन्या |
| २५ | सिउडेनी बजार | ओखरपौवा |
| २६ | वेत्रावती बजार | गेर्खु |
| **जम्मा** | | २६ |
| **हुन सक्ने बजार केन्द्रहरु** | | |
| १ | रातमाटे बजार | रातमाटे |
| २ | भञ्याङभुरुङ्ग बजार | सामरी |
| ३ | खरानीटार बजार | खरानीटार |
| ४ | सातबिसे बजार | सुन्दरादेवी |
| ५ | खड्गभञ्ज्याङ्ग बजार | खड्गभञ्ज्याङ्ग |
| ६ | गोल्फुभञ्ज्याङ्ग बजार | बेतीनी |
| ७ | सातदोबाटो (तारुका) बजार | तारुका |
| ८ | लच्याङ्ग बजार | लच्याङ्ग |
| **जम्मा** | | ८ |
| **कुल जम्मा** | | ३४ |

*श्रोत : जिल्ला विकास समिति, नुवाकोट ।*

## ४.३ बस्ती विकासका विद्यमान समस्या तथा सवालहरू

१. बजार रहेका बस्तीहरु टाढाटाढाका क्षेत्रलाइ सेवा पुऱ्याउने गरी बसेका छन् । तर ती बस्तीहरु वसोवासका अयोग्य ठाउमा (भू-क्षय वा नदी कटान हुने स्थान) तथा सडक अधिकार क्षेत्र समेत मिचेर बनाइएका छन् ।

२. प्रायः नयां बस्तीहरु सडक संगै जोडीएर वनाइएका छन् । जिल्लाका सबैजसो ग्रामीण सडकहरु कच्ची भएकाले सडकको धुलो र हिलोवाट बस्तीका बासिन्दाहरुको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने देखिन्छ भने सडक अधिकार क्षेत्रको विचार नगरी वस्ती वसेका हुनाले बढी सडक दुर्घटनाको समस्या देखीएको छ । घरहरु अव्यवस्थित किसिमले बनाइएका छन् । घर निर्माणको कुनै स्तर निर्धारण गरीएको छैन ।

३. बस्तीहरुमा सरसफाई, ढलनिकास र फोहरमैला संकलन तथा व्यवस्थापनको अभाव देखिन्छ । व्यवस्थित नगर योजना र त्यसको कार्यान्वयनको अभावमा बाटो, खानेपानी, ढलनिकास, विद्यूत आदिको विकासमा समस्या आइपर्ने देखिन्छ ।

४. बस्तीहरुमा पार्क, खुला स्थल, खेल मैदान आदिको प्रबन्ध भएको देखिदैन र यस बारे जनचेतना समेतको कमी रहेको देखिन्छ ।

५. जिल्लाका कतिपय बस्तीहरु स-साना र छरिएर रहेका छन् त्यसो हुनुको मुख्य कारणहरु देहाय अनुसार छन्ः

- ७१.६ प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको हुनाले खेतीपातीको दृष्टिले उपयुक्त स्थानमा विषेश गरी बस्ती बस्ने गरेको ।
- दलित, उपेक्षित, उत्पीडीत एवं सामाजिक, आर्थिक रुपमा पिछडिएको वर्ग मुख्य बस्ती भन्दा टाढा बसोवास गर्ने गरेको ।
- जिल्लाको अर्थतन्त्र मुख्यत कृषिमा निर्भर रहेको र प्रत्येक पुस्तामा सम्पतिको बांडफांड गर्दा जमीन टुक्रिने र प्रत्येकमा नयां पुस्ता बसोवास गर्ने गरेको ।
- पूर्वाधारको निर्माण गर्दा भू-उपयोग, वातावरणीय दृष्टिकोण, आर्थिक अवसर र संभावना एवं सामाजिक न्यायका दृष्टिकोणले विकास नगरी जथाभावी रुपमा पूर्वाधारहरु सिर्जना गर्ने गरेको ।
- बस्ती विकास गर्ने एवं छरिएर रहेको बस्तीको एकिकरण गर्ने सम्बन्धमा राष्ट्रिय तथा जिल्लास्तरमा नीतिगत स्पष्टता नभएको र भए पनि कार्यान्वयन नभएको ।

## ४.४ बस्ती विकासका संभावना तथा अवसरहरू

१. राष्ट्रिय मापदण्ड अनुसार अझै पनि शहरीकरण तर्फ लम्केका बस्तीहरुलाई योजना वनाइ व्यवस्थित रुपमा बस्ती विकास गरेको खण्डमा आर्थिक विकास र बस्ती विकासलाइ एकिकृत रुपमा अघि बढाउने संभावना अझै विद्यमान छ ।

२. भू-उपयोग नीति र योजना बनाई एकीकृत सेवा सुविधा सहितको बस्ती विकासलाई प्रवर्द्धन गर्न अझै ढिलाइ भई नसकेको स्थिति विद्यमान छ ।

३. प्रस्तावित गल्छी केरुङ मार्गको निर्माण भएमा त्यसका विभिनन साना बजार केन्द्र हरुमा व्यवस्थित वस्ती विकास तथा सहरीकरण गरि सुविधायुक्त ट्रान्जिट प्वाइन्टको विकास गराउन सके समग्र जिल्लाको नै आर्थिक उन्नति हुन सक्ने देखिन्छ ।